annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४५ पृष्ठ १२ | काठमाडौं, शुक्रबार ३० जेठ २०८२ | जेष्ठ शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | FRIDAY, JUNE 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# एयर इन्डियाको भयानक दुर्घटना, २०० भन्दा बढीको मृत्यु

## ४ करोड उडानमा ७ ठूला दुर्घटना

**सन् २०२४ मा विश्वमा ४ करोड ६ लाख हवाई उडान भए । त्यसमा सातवटा ठूल्ठूला दुर्घटना भएको अन्तर्राष्ट्रिय हवाई यातायात संघ (आईएटा)ले जनाएको छ । त्यसैकारण, विश्वमै सबैभन्दा सुरक्षित मानिन्छ, हवाई सेवा । तर, यदाकदा हुने ठूला दुर्घटनाका घटनाले विश्वको ध्यान तान्छ । बिहीबार भारतमा भएको एयर इन्डियाको जहाज दुर्घटनाले 'हवाई सुरक्षा'प्रति गम्भीर प्रश्न भने खडा गरेको छ ।**

समाचार पृष्ठ २

सुनिता कार्की | काठमाडौं
- को रिपोर्ट

उडान भरेको केही समयमै दुर्घटनाग्रस्त एयर इन्डियाको विमानको पुछारको भाग । ● रोयटर्स

## मधेस प्रदेश सांसद सिंह अख्तियारको नियन्त्रणमा



**काठमाडौं** (अन्नपूर्ण): अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेस प्रदेशसभाका सदस्य सरोजकुमार सिंहलाई नियन्त्रणमा लिएको छ। उपभोक्ता समितिसँग बुझेको कमिसन रकम श्रीमती र स्वकीय सचिवको खातामा राखेको आरोपमा अख्तियारले उनलाई नियन्त्रणा लिएको जनाएको छ। सिंह जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित प्रदेशसभा सदस्य हुन्।

प्रदेशसभा सदस्य सिंहले विभिन्न उपभोक्ता समिति गठन गरेको देखाई उपभोक्ता समितिको खातामा दाखिला भएको रकम आफ्ना निजी सचिव विनोदकुमारलाल कायस्थमार्फत झिक्न लगाई आफ्नो, श्रीमती र स्वकीय सचिवकै बैंक खातामा राखेको अख्तियारको भनाइ छ। सरकारी रकम दुरुपयोग गरेको पाइएपछि बिहीबार साँझ ६ बजेर ३ मिनेटमा पक्राउ गरिएको अख्तियारका प्रवक्ता सहसचिव राजेन्द्रकुमार पौडेलले जानकारी दिए। अख्तियारको टोलीले सांसद सिंहलाई काठमाडौंको रत्नराज्य विद्यालय क्षेत्रबाट पक्राउ गरी थप अनुसन्धान भइरहेको उनले जानकारी दिए।

# चिकित्सकीय लापरबाहीमा उपभोक्ता अदालतको पहिलो फैसला

### अस्पताल र डाक्टरबाट ५६ लाख ८१ हजार क्षतिपूर्तिको निर्णय

**दिनेश गौतम** | काठमाडौं

उपचारमा क्रममा भएको चिकित्सकीय लापरबाहीविरुद्ध दायर मुद्दामा उपभोक्ता अदालतले ओम अस्पताल र दुई चिकित्सकबाट ५६ लाख ८१ हजार क्षतिपूर्ति भराउने फैसला गरेको छ। उपभोक्ता अदालतका अध्यक्ष रामप्रसाद शर्मा र सदस्यद्वय गेहेन्द्रराज रेग्मी एवं आनन्दराज पोखरेलको इजलासले उक्त फैसला गरेको हो।

पीडित बसन्त गौतमले चिकित्सकीय लापरबाहीले आफ्नो बिरामी बुवाको ज्यान गएको दाबी गर्दै मुद्दा दायर गरेका थिए। उनले अस्पताल र चिकित्सकबाट आवश्यक गर्नुपर्ने दायित्व र कर्तव्य पूरा नगरी सघन रूपमा परीक्षण नै नगरी परीक्षण भएको कागजात अध्ययन नै नगरी गम्भीर लापरबाही भएको जिकिर गरेका थिए। उनले ५ करोड क्षतिपूर्ति माग गर्दै मुद्दा दायर गरेका थिए।

अदालतले ओम अस्पताल एन्ड रिसर्च सेन्टरबाट ८० प्रतिशत क्षतिपूर्ति भराउने फैसला गरेको छ। अस्पतालले ५० लाख ७० हजार क्षतिपूर्ति दिनुपर्ने फैसला भएको हो। त्यस्तै उपचारमा संलग्न चिकित्सकद्वय सरोजकुमार गोहिवार र सायुज्यराज घिमिरेलाई जनही ३ लाख ५ हजारको दरले २० प्रतिशत क्षतिपूर्ति दिनुपर्ने फैसला भएको अदालतका स्रेस्तेदार शोभाकर खरेलले जानकारी दिए।

» बाँकी पृष्ठ ६




# तीन दलबीच सहमति, रास्वपाले मानेन

**सुरेन्द्र काफ्ले** | काठमाडौं

संसद्को गतिरोध अन्त्य गर्ने भन्दै सत्तासीन एमाले, कांग्रेस र विपक्षी माओवादीबीच दुईबुँदे सहमति भएको छ। भिजिट भिसा प्रकरणमा अख्तियारले गरिरहेको अनुसन्धानलाई सहयोग गर्ने र अध्यागमन कार्यालयमा विगतदेखि भएका बेथिति अन्त्यका लागि छानबिन समिति बनाउने सहमतिपत्रमा उल्लेख छ। तर, तीन दलबीच भएको सहमतिलाई अर्को विपक्षी रास्वपाले नमान्दा संसद्को अवरोध बिहीबार भने हट्न सकेन।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै आएको माओवादी उक्त मागबाट पछि हटेपछि तीन दलबीच सहमति भएको हो। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि गृहमन्त्रीको राजीनामा मुख्य विषय नभएको बताए। 'यो भिजिट भिसा प्रकरण र अध्यागमनमा भएका बेथितिहरूको बारेमा गम्भीर अध्ययन तथा छानबिन गर्ने कुरा मुख्य हो, गृहमन्त्रीको राजीनामा मुख्य होइन भन्नेमा चाहिँ हामी सबै प्रतिपक्ष पुग्यौं,' प्रचण्डले बिहीबार संसद् परिसरमा पत्रकारहरूसँग भने, 'एक कदम हामी अघि बढ्यौं र छानबिनलगायत बारेमा लिखित सहमति गर्ने ठाउँतिर हामी गयौं।' तर, गृहमन्त्रीको राजीनामालाई मुख्य विषय बनाएको रास्वपाले भने समय माग गरेकाले संसद्को गतिरोध कायमै रहेको प्रचण्डले बताए।



> यो भिजिट भिसा प्रकरण र अध्यागमनमा भएका बेथितिहरूको बारेमा गम्भीर अध्ययन तथा छानबिन गर्ने कुरा मुख्य हो, गृहमन्त्रीको राजीनामा मुख्य होइन भन्नेमा चाहिँ हामी सबै प्रतिपक्ष पुग्यौं ।
>
> **पुष्पकमल दाहाल**
> अध्यक्ष, माओवादी केन्द्र

भिजिट भिसा प्रकरणमा अनियमितताको विषय सार्वजनिक भएपछि माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दलले संसद् अवरोध गरिरहेका छन्। जेठ १५ गते बजेट भाषणका दिनबाहेक उनीहरूले लगातार अवरोध गरिरहेका छन्। संसद्को अवरोध अन्त्यका लागि सत्तापक्ष र प्रतिपक्षबीच पटकपटक संवाद भए पनि निष्कर्षमा पुग्न सकेका छैनन्।

सभामुख देवराज घिमिरेले पनि पटकपटक दलका नेताहरूसँग छलफल गरेका थिए। बिहीबार कांग्रेस उपसभापति पूर्णबहादुर खड्काको अगुवाइमा प्रमुख प्रतिपक्षदल सहितको छलफल भएको छ। छलफलमा कांग्रेसका उपभापति खड्का, महामन्त्री गगन थापा र प्रमुख सचेतक श्यामकुमार घिमिरे, एमालेका मुख्य सचेतक महेशकुमार बर्तौला, माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन र प्रमुख सचेतक हितराज पाण्डे, रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्ले, प्रमुख सचेतक सन्तोष परियार र सांसद शिशिर खनाल सहभागी थिए।

लामो समयदेखि संसद् अवरुद्ध हुँदा बजेटमा छलफल हुन सकेको छैन। संघीय निजामती सेवासम्बन्धी विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयक, नागरिकतासम्बन्धी विधेयकलगायतका महत्त्वपूर्ण विधेयक पनि अलपत्र परेका छन् । संघीय निजामती सेवासम्बन्धी विधेयक र नागरिकतासम्बन्धी विधेयक राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भए पनि संसद् बैठकबाट पारित हुन सकेका छैनन्। एमाले मुख्य सचेतक महेश बर्तौलाले शुक्रबारबाट संसद् सुचारु हुने बताए।

» बाँकी पृष्ठ ६

